जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ४९ पृष्ठः ४ | २०८३ जेठ २७ बुधबार (Wednesday 10 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## पानीमा डुबाएर मोबाइल नष्ट प्रकरणमा क्षतिपूर्ति माग्दै विद्यार्थीहरू सर्वोच्चमा



सिरहा, २६ जेठ। एसईई दिने विद्यार्थीबाट जफत गरिएका मोबाइल पानीमा डुबाएर नष्ट गर्ने पदाधिकारीमाथि फौजदारी कारबाही र पीडितलाई क्षतिपूर्तिको मागसहित सर्वोच्च अदालतमा रिट निवेदन दायर भएको छ। मोबाइल पानीमा डुबाउने कार्यले महत्त्वपूर्ण रेकर्ड, डकुमेन्ट, डाटा, पारिवारिक तस्बिर सबै नष्ट हुनुका साथै पीडितलाई आर्थिक क्षति समेत भएको दाबी रिटमा गरिएको छ। पीडितको हकमा ल लेन्स नेपाल संस्थाका सञ्चालक तथा अधिवक्ता अनिल कुमार साह, सिरहा नगरपालिका- ८ का आभास दास, सिरहा नगरपालिका- २ का महेश कुमार महासेठ, सोही ठाउँका रमण कुमार यादव, मलंगवा नगरपालिका-११ का विकास यादव, रुपन्देही रोहिणी गाउँपालिका- ५ का अनिष कुमार यादवले रिट दायर गरेका हुन्।

कारबाही र क्षतिपूर्तिको माग राखेर रिट दायर गर्ने सबै युवाहरू हुन्। रिट निवेदकमा पीडितसँगै कानुन व्यवसायी पनि छन्। सिरहा जिल्लाका दर्जनौं परीक्षा केन्द्रहरूबाट सयौं विद्यार्थीहरूको साथमा रहेका व्यक्तिगत मोबाइल फोन तथा स्मार्टवाचहरू जफत गरी पानी भरिएको ड्रममा डुबाएर नष्ट गरिएको दाबी उनीहरूको छ। परीक्षामा निषेधित डिजिटल सामग्री जफत गरी भौतिक रूपमा नष्ट गर्ने अधिकार कुनै पनि कानुनले नदिएको दाबी पनि गरिएको छ। "कानुनले दिएको अधिकारविपरित गई सर्वसाधारणको सम्पत्ति सार्वजनिक रूपमा नष्ट गर्ने कार्यमा संलग्न जिल्ला परीक्षा समन्वय समितिका पदाधिकारी तथा कर्मचारीहरू साथै सम्बन्धित सबै सरोकारवालामाथि प्रचलित मुलुकी अपराध संहिता, २०७४ तथा निजामती सेवा ऐन/नियम बमोजिम फौजदारी तथा विभागीय कारबाही गर्नू भनी विपक्षी गृह मन्त्रालय र शिक्षा मन्त्रालयका नाममा परमादेश जारी गरिपाऊँ," रिटमा उल्लेख छ।

साथै, भविष्यमा हुने कुनै पनि परीक्षाहरूमा कानुनको स्पष्ट अख्तियारीबिना विद्यार्थीका व्यक्तिगत सामग्रीहरू जफत गरी नष्ट गर्ने जस्ता स्वेच्छाचारी र गैरसंवैधानिक कार्य नगर्न प्रतिषेधको आदेश जारी गर्न समेत माग छ। स्थानीय प्रशासन प्रहरीको रोहवरमा पानी भरिएको ड्रममा मोबाइल डुबाएर नष्ट गरिएको रिट निवेदकको दाबी छ। रिटमा सुनुवाइका लागि बुधबार (जेठ २७) को पेसी तय भएको छ।

## गृहमन्त्री गुरुङ र नवप्रवर्तनमन्त्री पुनको शपथ



काठमाडौं, २६ जेठ। प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहले मन्त्रिपरिषद् विस्तार गर्नुभएको छ। आज दुई जना मन्त्री नियुक्त गर्दै प्रधानमन्त्री शाहले मन्त्रिपरिषद् विस्तार गर्नुभएको हो। प्रधानमन्त्री शाहको सिफारिशमा राष्ट्रपति रामचन्द्र पौडेलले गृहमन्त्रीमा सुधन गुरुङ र विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्रीमा महावीर पुनलाई

-बाँकी दुई पेजमा

## दलित छात्रालाई विभेद गर्ने शिक्षिकालाई तत्काल कार्वाही माँग

सिरहा, २६ जेठ। सिरहाको औरही गाउँपालिका ४ स्थिति आधारभुत विद्यालय तेंनुवापट्टी इटाटारमा अध्ययनरत एक दलित छात्रामाथि गरिएको विभेद घटनामा संलग्न शिक्षिकालाई कार्वाही माँग गरेको छ। स्थानीय एक दलित बालिका कक्षा एकमा प्रथम भएपनि दलित भएकै कारण उनलाई तल भर्नु गम्भिर विभेद भएको भन्दै कक्षा शिक्षक रोशन कुमारी साहलाई तत्काल कार्वाही गर्नुपर्ने बैज्ञानिक समाजवादी विद्यार्थी संगठन, नेपालले माँग गरेको हो।

परीक्षामा मूल्यांकनको आधारमा अघिल्लो कक्षाबाट प्रथम स्थान हासिल गरी कक्षा १ मा प्रवेश गरेकी थिए। उनले खुशियालीमा परिवार र गाउँमा चकलेट बाटेर खुसीयाली मनाएका थिए। संगठनका दलित तथा उत्पीडित राष्ट्र विद्यार्थी विभागका संयोजक समशेरले विज्ञप्ती जारी गर्दै, 'पछि उनको नाम प्रथम स्थानबाट हटाएएको थाहा पाएपछि उनी विद्यालय नै जान छाडिन्। यसले उनको बाल मनोविज्ञानमा गम्भीर असर पारेको छ। घटना जानकारी पाएपछि बालिका लिएर बुझ्न विद्यालय पुगेका परिवारका सदस्यसंग समेत शिक्षिक साहले अपमानजनक व्यवहार गरेको छ।'

विज्ञप्तीमा यस्तो असामाजिक र अमानवीय हर्कत विरुद्ध मुख्य आरोपित शिक्षका रोशन कुमारी साह र संलग्न अन्य व्यक्तिहरुलाई हदैसम्मको कारबाही गर्न जिल्ला प्रशासन सिरहा, स्थानीय सरकार र विद्यालय प्रशासनसँग माँग गरेको छ। पीडकलाई कार्वाही र पीडितले उचित न्याय नपाए त्यसको प्रतिवाद सशक्त ढंगले गर्ने जनाएको छ।

## बालक पक्राउ

**धीरेन्द्रप्रसाद साह**

राजविराज, २६ जेठ। सप्तरी प्रहरीले जबरजस्ती करणी मुद्दामा संलग्न रहेको आरोपमा एक बालकलाई पक्राउ गरेको छ १६ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको आरोपमा कञ्चनरूप नगरपालिका-८, कञ्चनपुर बेरियर चोकबाट बालकलाई पक्राउ गरिएको हो। पक्राउ परेका बालकको नाम गोप्य राखिएको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरीक्षक विजय कार्कीका अनुसार जेठ २३ गते बिहान करिब १० बजे कञ्चनपुरका बालकले आफ्नै फुपुको घरमा पीडित बालिकामाथि जबरजस्ती करणी गरी फरार भएका थिए।

पीडित बालिकाकी आमाको जाहेरीका आधारमा मुद्दा दर्ता गरिएको तथा पक्राउ परेका आरोपितविरुद्ध अनुसन्धान अघि बढाइएको उहाँले जानकारी

-बाँकी दुई पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**बिल-बिजकको प्रयोग अनिवार्य गरौं।**

- हरेक खरिदमा अनिवार्य रूपमा बिल/रसिद मागौं,
- कानुनी रूपमा मान्य बिल-बिजक जारी गरौं,
- बिल बिना कारोबार नगर्ने/नगराउने बानी बसालौं,
- कर प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन सहयोग गरौं,
- उपभोक्ता अधिकार संरक्षणका लागि बिल सुरक्षित राखौं,
- कर छलि र अनियमितता अन्त्य गर्न सचेत बनौं,
- डिजिटल बिलिङ प्रणालीको प्रयोग बढाऔं,
- जिम्मेवार नागरिक भई इमानदारीपूर्वक कारोबार गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## जफत गरिएका मोबाइल नष्ट गर्नु 'विकृत मनोग्रन्थी'को लक्षण

सिरहामा गत २०८२ को चैतमा भएको माध्यमिक शिक्षा परीक्षा र २०८३ वैशाखको कक्षा १२ को परीक्षामा विद्यार्थीहरूबाट खोसिएका ७ वटा आइफोन, ४८९ वटा एन्ड्रोइड मोबाइल र ५ वटा स्मार्ट घडी जिल्लाको प्रहरी प्रशासनले पानीमा डुबाएर नष्ट गरेको छ। यसरी नष्ट गरिएका सामग्रीको बजारमूल्य करिब एक करोड रुपैयाँभन्दा बढी रहेको अनुमान छ।

नेपालको संविधानले सबै नेपालीको सम्पत्तिको हक प्रत्याभूत गरेको छ। राज्यले सार्वजनिक हितका लागि कसैको व्यक्तिगत सम्पत्ति लिँदा क्षतिपूर्ति दिनुपर्ने हुन्छ। यस्तै, व्यक्तिको सम्पत्तिमा अरू कसैको अधिकार हुँदैन। यसरी परीक्षार्थी बालबालिकासँग खोसिएको मोबाइल फिर्ता नगरी नष्ट गर्नु कानुनविपरीतको कार्य हुनुका साथै प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूलसमेत देखिन्छ।

स्थानीय प्रशासनले भनेजस्तै व्यक्तिगत गोपनीयता जोगाउने चिन्ता थियो भने अरू धेरै उपाय अपनाउन सकिन्थ्यो। सबैभन्दा पहिले मोबाइल वा अन्य सामग्री खोस्नु पर्ने अवस्था आउनै दिनु हुँदैनथ्यो। परीक्षामा बस्नुभन्दा पहिले नै त्यस्ता सामग्री बाहिरै राख्ने व्यवस्था गर्न सकिन्थ्यो। खोसेकै भए पनि परीक्षा सकेर बाहिर निस्कँदा फिर्ता दिएको भए हुन्थ्यो। पहिले खोस्ने र राख्ने अनि नष्ट गर्ने प्रवृत्ति नकारात्मक मनोग्रन्थी हो।

एसईईका परिक्षार्थी मूलतः १८ वर्षमुनिका बालबालिका हुन्छन्। तिनीहरूलाई कतिपय कसुरमा समेत  सजायबाट उन्मुक्ति हुन्छ। त्यस उमेरका बालबालिकाले प्रयोग गर्ने फोनसमेत खोसेर नष्ट गर्ने। सोच प्रहरी प्रशासनमा कसरी आयो रु यस कार्यले फोन गुमाउने बालबालिका कति आहत भए होलान् ?  परीक्षामा खोसेको सामान नष्ट गर्ने अधिकार प्रहरी प्रशासनलाई कानुनले दिएको छैन। त्यसैले उही दिन नभए पनि परीक्षा सकिएपछि फिर्ता गर्नुपर्थ्यो। महोत्तरीमा त यसरी नै जफत गरिएको मोबाइल विद्यार्थीबाट २ हजार रुपैयाँ लिई फिर्ता गर्ने निर्णय गरिएको छ। यद्यपि, जरिबाना लिने निर्णय पनि कानुनसम्मत देखिँदैन।

नष्ट नगर्ने वैकल्पिक उपाय अपनाउनुको साँटो नष्टै गर्ने मानसिकता विकृत मनोग्रन्थीको लक्षण हो। यस्तो मनोग्रन्थी हुनेहरू नासमासमा रमाउँछन्। मनोविज्ञानअनुसार यस्तो मनोग्रन्थी हुनेहरू प्रायः परपीडक हुन्छन् भने केही त आत्महन्ता प्रवृत्तिका समेत हुन्छन्। यसैले सिरहामा मोबाइल नष्ट गरिएको घटनालाई सरकारले गम्भीररूपमा लिएर छानबिन गरी दोषीलाई कानुनबमोजिम कारबाहीका साथै मनोसामाजिक विमर्श उपलब्ध गराउनु आवश्यक हुन्छ। सरकारले महत्त्वपूर्ण जिम्मेवारी दिँदा कर्मचारीको मनोसामाजिक प्रवृत्तिको जाँच गराउनु पनि पर्ने देखिन्छ।

### *गृहमन्त्री गुरुङ...*

नियुक्त गर्नुभएको हो। नवनियुक्त मन्त्रीले मंगलबारै राष्ट्रपतिसमक्ष पद तथा गोपनीयताको शपथ लिनुभएको छ।

सुधन गुरुङले दोस्रो पटक गृह मन्त्रालयको जिम्मेवारी पाउनुभएको हो। फागुन २१ गते भएको प्रतिनिधिसभा सदस्य चुनावमा गोरखा–१ बाट निर्वाचित उहाँ यसअघि २७ दिन गृहमन्त्री बन्नुभएको थियो। गुरुङ गएको चैत १३ गते गृहमन्त्रीमा नियुक्त हुनुभएको थियो। तर सम्पत्ति विवरणको स्रोतमाथि विवाद हुँदा उहाँले वैशाख ९ गते पदबाट राजीनामा दिनुभएको थियो। त्यसपछि छानबिन भएको थियो। छानबिनबाट 'क्लिनचिट' पाएसँगै गुरुङ गृह मन्त्रालयमा फर्किनुभएको हो।

महावीर पुन म्याग्दीबाट निर्वाचित स्वतन्त्र सांसद हुनुहुन्छ। उहाँ तत्कालीन सुशीला कार्की नेतृत्वको सरकारमा शिक्षामन्त्री बन्नुभएको थियो।

### *बालक...*

दिनुभयो। यस सम्बन्धमा सप्तरी जिल्ला अदालतबाट तीन दिनको म्याद थप अनुमति प्राप्त गरी थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक कार्कीले जनाउनुभयो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो।
छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# नेपाल–भारत सम्बन्धः जकडिएका सन्दर्भको फेहरिस्त



**कनकमणि दीक्षित**

नयाँ दिल्लीको विदेश नीति क्षेत्रका कूटनीतिज्ञ, विद्वान र थिंकट्यांकहरू प्रधानमन्त्री वालेन्द्र शाहको अलग तौर तरिकाबाट चकित छन्। काठमाडौंप्रति नयाँ दिल्लीको लामो समयदेखिको दबदबा र उपदेशात्मक व्यवहारलाई ध्यानमा राख्दा, प्रम वालेन्द्र शाहको 'चिसो' व्यवहार र नयाँ दिल्लीको औपचारिक भ्रमणमा जान अनिच्छा देख्दा उनीहरूको टाउको घुमेको छ।

काठमाडौंको कोही एक आधिकारिक नेता त भेट्नु पर्‍यो भनिकन भारतीय जनता पार्टी ( भाजपा) ले राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) का सभापति रवि लामिछानेलाई आमन्त्रण गर्‍यो। रातो कार्पेट ओछ्याएर ठूलै तामझामका साथ स्वागत गर्‍यो। फेरि, लामिछाने नफर्कँदै परराष्ट्रमन्त्री नयाँ दिल्लीको लागि रवाना भए।

काठमाडौंको नयाँ राजनीतिक वर्गको 'ठाँटिलो' शैलीले नेपाल–भारत सम्बन्धलाई पारस्परिक हितको आधारमा स्थिर पार्छ कि पार्दैन भन्ने प्रश्न अनुत्तरित छ। रास्वपा सभापतिको भ्रमण त्यतिबेला भयो जब प्रधानमन्त्री शाहले संसदमा नेपालले पनि भारतीय भूमि मिचेको दाबी गरेर नेपालको राजनीति अस्थिर बनाइदिएका थिए। अब सम्झाउने, बुझाउने पालो आएको छ परराष्ट्रमन्त्री खनालको।

नयाँ दिल्ली उत्रेको भोलिपल्ट सभापति लामिछानेको एक भारतीय अंग्रेजी दैनिकमा प्रकाशित लेखमा नेपाल–भारत सम्बन्धमा सम्मानजनक संवादबाट समाधान गर्नुपर्ने द्विपक्षीय मुद्दाहरूको चर्चा छैन।

यस लेखमा भने नेपाल–भारत सम्बन्ध महत्त्वपूर्ण मुद्दाहरूको फेहरिस्त प्रस्तुत छ, जसको सम्बोधन गर्न चाहिँ अर्को दिन कुर्नुपर्ने देखिन्छ, जब देशको आन्तरिक राजनीति अलि सम्हालिएको हुन्छ। वास्तवमा, द्विपक्षीय सम्बन्धमा सन् २०१५ को नाकाबन्दीबाट फर्कने यात्रा अझै सुरु भएको छैन।

**द्विपक्षीय मुद्दा**

नेपाल–भारत कूटनीतिक सम्बन्धमा दशकौँदेखि निरन्तर ह्रास आएको छ। १९५० को दशकमा दुई देशका प्रधानमन्त्री–प्रधानमन्त्री बीचको विश्वासपूर्ण सम्बन्धको तुलनामा आज नेपाली पक्ष साह्रै नै खुम्चिएको छ। समयले आफ्नो प्रभाव देखाएको छ, काठमाडौं–नयाँ दिल्लीको तुलनामा निकै कमजोर बनेको छ। 'जबर्जस्त भारतीय कूटनीति', गुप्तचर एजेन्सीहरूको दबदबा र हालैको आरएसएसमार्फत राजनीतिक 'हिन्दुत्व'को घुसपैठले काठमाडौंको राज्यसंस्थालाई थिलोथिलो पारिदिएको छ।

यस्तो अवस्थामा काठमाडौंले सबै द्विपक्षीय मामिलामा भारतबाट पारस्परिकता माग्नुपर्ने हुन्छ किनकि सार्वभौमसत्ताले आकार वा शक्ति हेर्दैन। द्विपक्षीय सम्बन्धलाई 'रिसेट' गर्न काठमाडौंका बुद्धिजीवीले नेपालको हित केमा छ भन्ने बुझ्न जरुरी छ।

**जलस्रोत :** हाम्रा राजनीतिज्ञ र कर्मचारीले नेपालको जलस्रोतलाई मुख्य रूपमा जलविद्युत् उत्पादन र निर्यातको रूपमा हेर्दै आएका छन्। प्रधानमन्त्री वालेन्द्र शाह सरकारले सत्तामा आएलगत्तै जारी गरेको १०० बुँदे कार्ययोजना पनि भारतलाई विद्युत् उत्पादन गरी बेच्ने रणनीतिमै केन्द्रित छ। यो दृष्टिकोणले नयाँ दिल्लीको मुख्य चासो नेपालमा उच्च बाँध र ठूला जलाशयहरू निर्माण गर्नु रहेको कुरालाई नजरअन्दाज गर्छ। गंगा मैदानको शहरीकरण र सिँचाइ आवश्यकताका कारण मनसुनको पानी भण्डारण गर्नुपर्ने भएकाले नेपालका गहिरा खोँचहरूमा भारतको नजर छ। कोशी, गण्डकी, कर्णाली र अन्य नदीहरूमा उच्च बाँध निर्माण गर्नु नयाँ दिल्लीको नेपालसँगको अघोषित उच्च प्राथमिकता हो।

**लिम्पियाधुरा :** लिम्पियाधुरा त्रिकोणको विवादले द्विपक्षीय सम्बन्धमा ठूलो दरार उत्पन्न गरेको छ। लिपुलेक–कालापानी–लिम्पियाधुरा क्षेत्रमा सुगौली सन्धि (१८१६) अनुसार महाकाली नदीलाई सीमा नदी मानेर गरेको काठमाडौंको दाबीलाई नयाँ दिल्लीले ठाडै अस्वीकार गर्दै आएको छ।

यो द्विपक्षीय खाडललाई कसरी पार गर्ने भन्नेमा नयाँ दिल्ली सम्बन्धित अर्कै प्रसंगले अहिलेलाई बाटो देखाउँछ– अक्साई चीन र आजाद कश्मीर क्षेत्र सात दशकदेखि भारतीय नक्सामा छन्, तर नियन्त्रणमा छैनन्। त्यसैगरी काठमाडौंले लिम्पियाधुरा त्रिकोणमा आफ्नो दाबीलाई कायम राख्दै, यस मामिलामा संवादका लागि खुला राख्दै, बृहत् र बहुआयामिक सम्बन्धको सामान्यीकरणतर्फ लाग्नुपर्छ।

**ईपीजी :** फेब्रुअरी २०१६ मा नेपाल र भारत सरकारले द्विपक्षीय सम्बन्धलाई अद्यावधिक र सुदृढ गर्न 'एमिनेन्ट पर्सन्स् ग्रुप' (ईपीजी) गठन गरे। २०१८ जुलाईमा दुवै सरकारले चुनेका सम्मानित बुद्धिजीवीले सर्वसम्मत प्रतिवेदन तयार पारे पनि प्रधानमन्त्री नरेन्द्र मोदीले पुरै यस अभ्यासलाई त्याग्ने मनस्थिति बनाएको देखिन्छ।

प्रधानमन्त्री मोदीको अनिच्छा बुझिनसक्नु छ, किनकि दुवै सरकार ईपीजीको सुझाव–सिफारिस स्वीकार्न बाध्य छैनन्। नयाँ दिल्लीले आफ्नो अड्को जारी राख्यो भने, नेपाल सरकारले एकतर्फी रूपमा यो दशक पुरानो सर्वसम्मत प्रतिवेदन सार्वजनिक गर्नु नै विवेकपूर्ण हुन्छ। यसका लागि वर्तमान सरकारले केही कदम चालि पनि हाल्ला कि, आशा पलाएको छः किनकि ईपीजीको नेपालतर्फका संयोजक भेषबहादुर थापाले बिहीबार प्रतिवेदन यतिका वर्ष थन्किएको दराजको साँचो परराष्ट्रमन्त्री  खनाल र विदेश सचिव अमृत राईलाई बुझाए। यसअघिकाले नगरेको कुरा वर्तमान सरकारले गरेको छ।

**अग्निपथ योजना :** नेपालीहरू सन् १८१८ देखि बेलायती सेनामा सेवा गर्दै आए पनि सन् १९४७ मा भारतीय स्वतन्त्रतापछि त्रिपक्षीय सम्झौताबाट गोरखा ब्रिगेड दुई देशका सेनामा विभाजित भयो।

नेपाल आधुनिक युगको राष्ट्र–राज्य बन्दै गर्दा पराया सेना भर्ती प्रणाली कायम रहरुयो। नेपाली नागरिकले भारतीय झण्डामुनि चीन र पाकिस्तानसँगको युद्धमा लडेका छन् भने श्रीलंकामा खटिए। प्रश्न उठ्छ, सार्क सदस्यीय राष्ट्रले आफ्ना नागरिकलाई एक छिमेकीविरुद्ध अर्को छिमेकीको तर्फबाट हतियार उठाउन दिनु कति उचित ?

सन् २०२२ मा प्रधानमन्त्री मोदीले भारतीय सेनामा भर्ती प्रक्रिया फेरबदल गर्ने गरी 'अग्निपथ' नाम गरेको योजना ल्याएर नेपाली अधिकारीहरूलाई गोरखा भर्ती रोक्ने बहाना दिए। सन् १९४७ को सम्झौता उल्लंघन भएको भन्दै चुपचाप गोरखा भर्ती बन्द गरियो। अब प्रधानमन्त्री वालेन्द्र शाहको सरकारले औपचारिक घोषणा गरेर नै नेपाली नागरिकहरू भारतका लागि 'अग्निवीर' बनेर लड्न नपर्ने व्यवस्था गर्नुपर्छ।

**भूराजनीति र अर्थतन्त्र**

उत्तरको छिमेकी चीनसँग स्वतन्त्र सम्बन्ध विकास गर्न नेपालको प्रयासलाई नयाँ दिल्लीका अधिकारी र सम्बद्ध थिंकट्याङ्रुकले सधैँ शंका गर्ने गरेका छन्। ऐतिहासिक रूपमा नेपालको तिब्बत पठारसँगको सम्बन्ध गंगा मैदानसँग जत्तिकै 'विशेष' छ भन्ने हेक्का सबैले राख्नुपर्छ। विकसित औपनिवेशिक भूराजनीतिका कारण सन् १९०० को सुरुदेखि नेपालको अर्थतन्त्र दक्षिणतर्फ मोडिँदै गयो, तर विकसित यातायात र पूर्वाधारको वर्तमान युगमा नेपालले आफूलाई भारत 'घेरिएको' र उत्तरतिरको विकल्प नभएको ठान्नुपर्ने कारण छैन।

**बेइजिङतर्फ नजरः** नयाँ दिल्लीले नेपालबाटको जलविद्युत् आयातमा कुनै पनि खालको चिनियाँ समलग्नता देखिएमा रोक लगाउने गरेको छ। चिनियाँ लगानी रहेको हिमालय एयरलाइन्सलाई भारतीय विमानस्थलमा प्रवेश निषेध गरिन्छ भने पोखरा र भैरहवाका दुई नयाँ अन्तर्राष्ट्रिय विमानस्थलमा चिनियाँ 'संलग्नता'का कारण भारतीय सहरहरूसँग जोड्न दिइँदैन।

'बेल्ट एन्ड रोड इनिसिएटिभ' ( 'बीआरआई') मा नेपालको संलग्नता नचाहने नयाँ दिल्लीको व्यवहारबारे बेइजिङले के सोच्दछ होला ? वाणिज्य, पर्यटन, पूर्वाधार र विकास वित्तमा काठमाडौंको बेइजिङसँगको सहकार्यलाई भारतीय पक्षले भूराजनीतिक झुकाव वा 'टिल्ट' मान्न मिल्दैन। त्यस्तो दृष्टिकोणले 'नयाँ दिल्ली मस्तिस्क'मा भूराजनीतिक आत्मविश्वासको कमी मात्र दर्शाउँछ आफू चाहिँ चीनको अर्थतन्त्रसँग पूरै गाँसिएको भारतले नेपाललाई चीनबाट यसरी टाढा राख्न खोज्नु न उचित हो, न मित्रवत।

**नेपालमाथि नजर :** अर्थतन्त्रको सन्दर्भमा नयाँ दिल्ली संकथनले नेपाललाई कमजोर छिमेकीको रूपमा प्रस्तुत गर्छ र काठमाडौंले पनि यो 'स्टेरियोटाईप' आत्मसात् गर्दै हीनताबोध बोक्ने गरेको छ। तर, व्यापार र विप्रेषणको अध्ययनले नेपालको अर्थतन्त्र भारतका लागि धेरैनै महत्त्वपूर्ण र फाइदाजनक देखाउँछ।

नेपाली नागरिक भारतमा मजदुरी गर्न गएकालाई नेपालको कमजोर अर्थतन्त्रको प्रमाणको रूपमा तेर्साइन्छ, तर वास्तवमा भारतबाट मजदुर पठाउने सातौँ ठूलो अर्थतन्त्र हो नेपाल। झारखण्ड, बिहार, उडिशा जस्ता भारतका गरिब क्षेत्रको अर्थतन्त्रलाई नेपालमा काम गर्ने भारतीय कामदारले घर पठाउने रेमिटेन्सले धेरै हदसम्म थेगेको छ।

नेपालमा काम गर्ने भारतीय मजदुरले पठाउने रकम वार्षिक करिब ४ अर्ब अमेरिकी डलर रहेको अनुमान छ भने भारतमा काम गर्ने नेपालीले पठाउने रकम त्यसको एक तिहाई पनि छैन। यसले पनि बृहत्तर भारत र त्यहाँका सबैभन्दा गरिब प्रान्तहरूलाई नेपालको महत्त्व स्पष्ट हुन्छ। यो पनि बुझौँ, भारतीय वस्तु तथा सेवाको निर्यातका लागि दक्षिण एसियामा बंगलादेशपछि दोस्रो ठूलो गन्तव्य हो नेपाल। नयाँ दिल्लीका टिप्पणीकार र भूराजनीतिक विश्लेषकहरूले नेपालको भारतका लागि आर्थिक महत्त्व बुझ्न सक्नुपर्छ।

**विग्रहकारी हस्तक्षेप :** नेपाल–भारत द्विपक्षीय सम्बन्धको कटु सत्य भनेको हाम्रो राजनीति र राजकाजमा नयाँ दिल्लीको निरन्तर हस्तक्षेप हो। आर्थिक, कूटनीतिक र गुप्तचर संस्थाहरूमार्फत दबाब दिइरहने भारतले पछिल्लो दश वर्षमा राजनीतिक 'हिन्दुत्व' निर्यात गरेर अझ ठूलो खतरा सिर्जना गरेको छ, किनकि यसको लक्ष्य नेपाली समाजको सांस्कृतिक र सामुदायिक अन्तरसम्बन्धमा

**–बाँकी तीन पेजमा**

*नेपाल–भारत ...*

बिग्रहको बीउ रोप्नु हो, उत्तर र मध्य भारतमा जस्तै।

**सनातन परम्परा :** नेपालको सनातन परम्पराको संकुचित व्याख्या गर्दै एकथरीले भारतमा हुँदै गएको जस्तै सामाजिक विभाजन भित्र्याउन चाहन्छन्। यहाँको नेपालको 'आस्था–आधारित' परम्परा अझै राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) को ध्रुवीकरणकेन्द्रित विचारधाराले ग्रस्त छैन।

तर हाले त्यस भारतीय संस्था नेपालमा अत्यधिक सक्रिय हुँदै गएको छ। नेपाली 'हिन्दुत्ववादी' संगठनहरूमार्फत काम गर्न नपुगेर आरएसएसले काठमाडौंमा आफ्नै आधार शिविर स्थापना गरेको छ। हिन्दु स्वयंसेवक संघ ('एचएसएस') नामक संस्थाको कार्यक्रम काठमाडौंको गुजेश्वरी क्षेत्रमा रहेको 'केशव धाम' नामक भवनबाट सञ्चालित छ, जहाँ भारतीय नागरिकनै आयोजक र प्रचारक छन्।

काठमाडौंका विगतका सरकारहरू भारतको दलगत राजनीतिसँग सम्बन्धित 'हिन्दुत्व' आइडियोलोजीको ध्रुवीकरणकारी खतराप्रति उदासीन रहे। यहाँको समन्वयात्मक समाजमाथि बढ्दै गएको खतराप्रति सजग रहेनन्।

प्रधानमन्त्री बालेन्द्र शाहको, उनका सल्लाहकार टोली तथा रास्वपाका नेता–कार्यकर्ताले आरएसएसको विशेष धार्मिक विचारधाराको नेपालभित्र भइरहेको प्रचारबाट निम्तिने खतरा बुझ्नुपर्छ। निर्वाचनमा जनताले त्यसरी विश्वास गरेको दलको मूल दायित्व देश–जनता–समाजको खतरनाक बाह्य हुण्डरी सामु प्रतिरक्षा गर्नु हो।

'एचएसएस'को मुलुकमा गरिने गतिविधि कुनै आश्रम, ध्यानकेन्द्र वा आध्यात्मिक समूहको जस्तो होइन। यो त छिमेक देशको एक राजनीतिक शक्तिको विचारधारा नेपालमा फैलाउन प्रायोजित राजनीतिक संस्था हो। वालेन्द्र शाह सरकारले स्पष्टता र साहसका साथ हिन्दु स्वयंसेवक संघको हस्तक्षेपकारी योजना विफल तुल्याउनुपर्छ, उक्त संस्था बन्द गर्न आदेश दिँदै। शिलापत्रबाट

# दिनभरि चर्को गर्मी राति दिनहुँ वर्षा



महोत्तरी, २६ जेठ। दिनभरि जेठ तेस्रो साताको झैं उखरमाउलो गर्मी भए पनि पछिल्ला चार दिनयता महोत्तरीसहितका आसपासका जिल्लामा प्रत्येक रात पानी पर्दै आएको छ। गत शुक्रबार जेठ चौथो साता सुरु भएसँगै प्रत्येक रात पानी पर्ने गरेको छ। योक्रम सोमबार पनि जारी रह्यो। यसपालि जेठ तेस्रो साता सुरु भएसँगै धेरै गर्मी बढेपछि जनजीवन निकै कष्टकर बन्दै आयो। तर चौथो साता सुरु भएसँगै प्रत्येक रात केहीबेर सघन वर्षा भएपछि दिनभरिको चर्को गर्मीले सर्वसाधारण बताउँछन्।

"गर्मी त खपीनसक्नु बढेको छ, तर गत शुक्रबारयता प्रत्येक रात वर्षा हुँदै आएको छ, यसले निकै राहत मिलेको छ", गौशाला–१ रामनगरका ६५ वर्षीय गणेश महतो भन्नुहुन्छ, "निरन्तरको वर्षाले बालीनालीलाई निकै राहत मिलेको छ।" शुक्रबारयता रातिको वर्षाले खेतबारीमा प्रशस्त चिस्यान भएपछि यहाँका किसान धमाधम धानको ब्याड राख्न थालेका छन्। "वर्षा दिनहुँ भए पनि हिले ब्याड भने राख्न पाइएको छैन, तर माटोमा प्रशस्त चिस्यान भएको हुँदा धुले ब्याड राख्यौं", बर्दिबास–६ कृष्णपुरका ६० वर्षीय किसान रघु काफ्ले भन्नुहुन्छ, "दिनभरि अचाक्ली गर्मी भए पनि प्रत्येक रातको वर्षाले खेतीपातीलाई सजिलो बनाएको हुँदा राहत मिलेको छ। किसानले यही वर्षाबीच धानसँगै कोदोको ब्याड पनि धमाधम राख्दैछन्।"

यसैगरी उखु, मकै र तरकारीबालीलाई पछिल्लो वर्षा अमृत भएको किसान बताउँछन्। पानी नपरी हिउँद बित्दा पानीका स्रोतका मुहान चाँडै सुक्दा बालीनाली लगाउन नपाइने चिन्तामा थिए। त्यसमा पनि जारी जेठको तेस्रो साता सुरु भएसँगै दिनभरि ३८/३९ डिग्री सेल्सियसको सेरोफेरोमा तापक्रम रहने गरेको छ। जेठ तेस्रो साताको अन्त्यतिर त गर्मीले गर्दा जिल्लाका स्थानीयतहले धमाधम विद्यालय बन्दको घोषणा गर्ने लहर नै चल्यो। तर चौथो साता लागेपछि प्रत्येक रात पर्ने पानीले मौसममा केही सुधार ल्याएसँगै बन्द गरिएका विद्यालय सोमबारदेखि सञ्चालन हुन थालेका बर्दिवास नगर कार्यपालिकाको कार्यालयका शिक्षा तथा खेलकुद शाखाका अधिकृत रमण निरौलाले जानकारी दिनुभयो।

पछिल्लो पटक दिनहुँजसो राति केहीबेर पानी पर्दै आएपछि यहाँका सर्वसाधारणमा पानीका स्रोतका मुहान अब चाँडै रसाउने आश पलाएको छ। "दिनहुँजसो पानी पर्दैछ, अब इनार, चापाकल र नदी, खोल्साखोल्सी र नदीका मुहानमा पानी रसाउने आस बढेको छ", भङ्गाहा–४ रामनगरका किसान कुशेश्वर यादव भन्नुहुन्छ, "मुहान चाँडै रसाइदिए खानेपानीको समस्या नपर्ने र खेतीपातीलाई आवश्यक सिँचाइ गर्न पाइने विश्वास बढेको छ।"

# मधेश प्रदेशसभा दुई सातादेखि ठप्प

**अजय शाह**




महोत्तरी, २६ जेठ। प्रतिपक्षी दलहरूको निरन्तर अवरोधका कारण आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरिएको मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रममाथिको छलफल दुई सातादेखि ठप्प भएको छ। प्रदेशसभा बैठक नियमित रूपमा सञ्चालन हुन नसक्दा नीति तथा कार्यक्रममाथिको संसदीय बहस अनिश्चित बनेको छ।

गत जेठ १५ गते प्रदेश प्रमुख डा. सुरेन्द्रलाभ कर्णले प्रदेशसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो। त्यसपछि जेठ १८ गतेदेखि छलफल प्रारम्भ भए पनि प्रारम्भिक दिनमै संशोधनकर्ता सांसदहरूले आ–आफ्ना धारणा राखेपछि प्रक्रिया अघि बढ्न सकेको थिएन।

तर जेठ १९ गतेको दोस्रो दिनको बैठकमा विपक्षी दलहरू जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले संयुक्त रूपमा बैठक अवरुद्ध गरेपछि छलफल स्थगित भएको हो। त्यसयता प्रदेशसभाको कार्यसूची नियमित रूपमा अघि बढ्न सकेको छैन। प्रतिपक्षी दलहरूले प्रदेशसभालाई जानकारी नदिई दुई वटा आयोगमा सदस्य नियुक्त गरिएको आरोप सरकारमाथि लगाउँदै आएका छन्। उहाँहरूका अनुसार जनलोकपाल आयोग र प्रदेश लोकसेवा आयोगमा गरिएको नियुक्ति संवैधानिक तथा संसदीय प्रक्रिया विपरीत भएको हो।

प्रदेश सरकारले जेठ १२ गते महोत्तरीको औरही नगरपालिका–७ निवासी सञ्जीवकुमार झा र सोही नगरपालिकाकी सुजाता विमललाई जनलोकपाल आयोगको सदस्यमा नियुक्त गरेको थियो। त्यसैगरी धनुषाको सबैला नगरपालिका–३ निवासी विमला यादवलाई प्रदेश लोकसेवा आयोगको सदस्यमा नियुक्त गरिएको हो। प्रतिपक्षी दलहरूको भनाइअनुसार आयोगका सदस्य नियुक्तिका लागि मुख्यमन्त्री, प्रदेशसभा सभामुख र प्रतिपक्षी दलका नेता सम्मिलित तीन सदस्यीय समिति रहने कानुनी व्यवस्था छ। तर सभामुखलाई जानकारी नै नदिई नियुक्ति प्रक्रिया अघि बढाइएको भन्दै उनीहरूले उक्त नियुक्ति तत्काल खारेज गर्न माग गर्दै आएका छन्।

नीति तथा कार्यक्रम पारित हुन नसक्दा आगामी असार १ गते प्रस्तुत गरिने बजेटसमेत प्रभावित हुने सम्भावना बढेको छ। प्रतिपक्षी दलका मागप्रति सरकार र सत्तारूढ पक्षले अपेक्षित चासो नदेखाएको आरोप लागिरहेका बेला नीति तथा कार्यक्रममाथिको छलफल लम्बिँदै गएको छ। विवादको अर्को महत्वपूर्ण विषय प्रदेशसभा सदस्यका स्वकीय सचिवहरूको तलब भुक्तानी रोकिएको विषय पनि बनेको छ। करिब १० महिनादेखि तलब नपाएको भन्दै प्रदेशसभा सदस्यहरूले असन्तुष्टि जनाउँदै आएका छन्।

तत्कालीन संघीय सरकारको नीतिगत निर्णयअनुसार स्वकीय सचिवको व्यवस्था हटाइएपछि तलब भुक्तानी रोकिएको जनाइएको छ। यद्यपि अधिकांश पक्षबीच सहमति जुटिसकेको अवस्थामा पनि प्रदेशसभा सचिवालयले भुक्तानी प्रक्रिया अघि नबढाएको बताइएको छ। गत वैशाख १२ गते प्रदेश सरकार र सत्तारूढ दलहरूबिच भएको १५ बुँदे सहमतिअनुसार आगामी बजेटमा एक करोड रुपैयाँभन्दा कमका योजना नराख्ने सहमति गरिएको थियो।

तर विपक्षी दलहरूले उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्न सकिने 'टुक्रे योजना' पुनः समावेश गर्नुपर्ने माग गर्दै आएका छन्। सरकार र विपक्षीबिच यस विषयमा दुई पटक छलफल भए पनि कुनै सहमति जुट्न सकेको छैन। बजेट निर्माण प्रक्रिया नजिकिँदै जाँदा यस्तो विवादले प्रदेश सरकारलाई थप दबाबमा पारेको देखिन्छ। राजनीतिक सहमति कायम नभएसम्म मधेश प्रदेशसभाको विधायिकी प्रक्रिया नियमित रूपमा अघि बढ्ने सम्भावना न्यून देखिएको छ।

# पर्सामा रविविरुद्ध चलिरहेको संगठित अपराधको अभियोग फिर्ता

काठमाडौं, २६ जेठ। जिल्ला अदालत पर्साले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्ध चलिरहेको सहकारी ठगीको मुद्दाबाट संगठित अपराधको आरोप हटाएको छ। महान्यायाधिवक्ताको निर्णय बमोजिम सरकारी वकिलहरूले जिल्ला अदालतमा आरोपपत्र संशोधनका लागि निवेदन दिएका थिए। त्यही निवेदनपछि न्यायाधीश मोहन सुवेदीको इजलासले आरोपपत्र संशोधनको आदेश गरेको पर्साका जिल्ला न्यायाधीवक्ता मोहनप्रसाद गुप्ताले जानकारी दिए।

अब जिल्ला अदालत पर्सामा सानो पाइला सहकारी ठगीको मुद्दामा आरोपितहरू र पीडितहरूबीच मिलापत्र हुने बाटो खुलेको छ। दुवै पक्षबीच मिलापत्र भएमा मुद्दा फिर्ता लिन मिल्छ। १ असार, २०८२ मा सरकारी वकिलको कार्यालय, पर्साले सानो पाइला सहकारीको रकम ठगी गरेको आरोपमा रवि लामिछाने सहित २९ जनामाथि मुद्दा दायर गरेको थियो। त्यतिबेला आरोपितहरूमाथि ५ करोड ७४ लाख रुपैयाँ बिगो माग दाबी थियो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो।
छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# वैदेशिक रोजगारीको असफलतापछि तरकारी खेतीबाट सफलता



**विनय कर्ण**

सप्तरी, २६ जेठ। सप्तरीको छिन्नमस्ता गाउँपालिका–५, लोखरमकी ३७ वर्षीया जसो कुमारी महतोको जीवन केही वर्षअघिसम्म अनिश्चितता र चिन्ताले भरिएको थियो। परिवारको आर्थिक अवस्था सुधार्ने सपना बोकेर उहाँका श्रीमान् अरविन्द कुमार महतो दुई पटक वैदेशिक रोजगारीमा जानुभयो। तर सोचेअनुसार आम्दानी गर्ने अवसर नपाएपछि दुवै पटक निराश भएर घर फर्किनुपर्‍यो। वैदेशिक रोजगारीबाट अपेक्षित सफलता नपाएपछि परिवारको भविष्य अन्योलमा परेको थियो। दैनिक खर्च चलाउनेदेखि बालबालिकाको पढाइ कसरी अगाडि बढाउने भन्ने चिन्ताले महतो दम्पतीलाई सताइरहन्थ्यो।

"श्रीमान् दुई–दुई पटक वैदेशिक रोजगारीबाट फर्किएपछि जीवन नै अँध्यारो लाग्थ्यो," जसो सम्झनुहुन्छ, "तर अहिले जीवन उज्यालो भएको छ।" जसो र अरविन्दको त्यही अँध्यारोबीच आशाको किरण बनेर आयो तरकारी खेती। कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (आईएफएडी) तथा विश्व खाद्य कार्यक्रम (डब्लुएफपी), खाद्य तथा कृषि संगठन (एफएओ) र यूएन वुमेनको साझेदारीमा दिदीबहिनी र सप्रोस नेपालद्वारा सञ्चालित 'ग्रामीण महिला आर्थिक सशक्तीकरण कार्यक्रम' अन्तर्गत जसोले तरकारी खेतीसम्बन्धी तालिम लिनुभयो। तालिमले आत्मविश्वास जगाउनुका साथै आफ्नै गाउँमा सम्भावना खोज्न प्रेरित गरेको उहाँ बताउनुहुन्छ।

तालिमपछि उहाँले आफ्नै पाँच कट्ठा जग्गामा मौसम अनुसार व्यावसायिक तरकारी खेती सुरु गर्नुभयो। सुरुमा सामान्य रूपमा थालेको खेती अहिले परिवारको मुख्य आम्दानीको स्रोत बनेको छ। सप्रोस नेपालले प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ, जसले उत्पादनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मद्दत पुगेको जसोका श्रीमान् अरविन्दले बताउनुभयो। अहिले जसो महतो र उहाँका श्रीमान् अरविन्द आफ्नै बारीमा उत्पादन गरेको तरकारी बिक्री गरेर मासिक करिब ३० देखि ४० हजार रुपैयाँसम्म आम्दानी गर्नुहुन्छ।

"महिनामा ३० देखि ४० हजार रुपैयाँसम्म आम्दानी हुने गरेको छ," उहाँले भन्नुभयो। उहाँका दुई छोरा र एक छोरी निजी विद्यालयमा अध्ययनरत छन्। तीमध्ये एक छोरा काठमाडौंमा अध्ययनरत रहेको जसो बताउनुहुन्छ। कुनै समय वैदेशिक रोजगारीको असफलताले निराश बनेको परिवार अहिले आफ्नै गाउँमा मेहनत गरेर सुखी जीवन बिताइरहेको छ। जसोले उत्पादन गरेको ताजा तरकारी स्थानीय बजारमा लोकप्रिय बनेको छ। स्थानीय सामुदायिक विद्यालयको दिवा खाजाका लागि समेत उहाँकै बारीमा उत्पादन भएको तरकारी प्रयोग गरिन्छ। गाउँका उपभोक्ता प्रत्यक्ष बारीमै पुगेर तरकारी खरिद गर्ने भएकाले बजार खोज्दै भौंतारिनुपर्ने अवस्था नरहेको उहाँको भनाइ छ।

"उत्पादन गरेको तरकारी बेच्न बजारको चिन्ता छैन," उहाँ भन्नुहुन्छ, "स्थानीयले बारीमै आएर किनेर लैजानुहुन्छ।" नेपालमा वैदेशिक रोजगारीलाई आर्थिक समृद्धिको प्रमुख माध्यमका रूपमा हेरिने गरिए पनि धेरै युवाले अपेक्षित उपलब्धि हासिल गर्न नसकेको यथार्थ छ। सीप, सुरक्षित रोजगारी र उचित पारिश्रमिकको अभावमा कतिपय परिवार ऋण र निराशाको चक्रव्यूहमा फस्ने गरेका छन्। जसो महतोको परिवार पनि त्यसकै एउटा उदाहरण थियो। तर सही तालिम, प्राविधिक सहयोग र स्थानीय स्रोतको उपयोगले वैदेशिक रोजगारीको विकल्प आफ्नै गाउँघरमै सम्भव हुने सन्देश उहाँको सफलताले दिएको छ।

महिलालाई सामाजिक तथा आर्थिक रूपमा सक्षम बनाउने उद्देश्यले पुष्पखेती तालिम, तरकारी खेती प्रवर्द्धन, प्राविधिक सहयोग, माटाका ग्लास तथा भाँडा बनाउने सीप विकास, व्यावसायिक साक्षरता, क्षमता अभिवृद्धि तथा लैंगिक कार्य सिकाइ पद्धतिसम्बन्धी व्यावहारिक तालिम सञ्चालन गरिएको सप्रोस नेपालका टिम लिडर तथा कृषि विज्ञ चन्दन केसीले बताउनुभयो।

सप्रोस नेपालकी सप्तरी जिल्ला संयोजक बिमला न्यौपानेका अनुसार छिन्नमस्ता गाउँपालिकाको वडा नं. ३ र ५ मा ४१ तथा तिलाठी कोइलाडी गाउँपालिकाको वडा नं. ३, ४ र ५ मा ४९ गरी ९० महिला समूह गठन गरिएको छ। प्रत्येक समूहमा ३० जना महिलाको सहभागितामा यस्ता कार्यक्रम सञ्चालन भइरहेका छन्।

# सीमामा जाँच गर्दा १३ सवारी चालक भेटिए लागुऔषध प्रयोगकर्ता

विराटनगर, २६ जेठ। विराटनगरको सीमावर्ती क्षेत्र रानीबाट प्रहरीले १३ जना चालकलाई नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय मोरङले सञ्चालन गरिरहेको 'लागुऔषध विरुद्धको महाअभियान' अन्तर्गत चेकजाँच गर्दा १३ जना चालकले लागुऔषध सेवन गरेको फेला परेको हो। सोमबार दिउँसो विराटनगर महानगरपालिका– १६ स्थित सीमा क्षेत्रमा जिल्ला प्रहरी कार्यालय मोरङ, जिल्ला ट्राफिक प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय रानीको संयुक्त टोलीले लापसे (लागुपदार्थ सेवन) जाँच गरेको थियो।

जसमा १२ जना सिटी सफारी चालक, एक जना अटो टेम्पो चालकले लागुऔषध सेवन गरेको भेटिएको थियो। शंकास्पद अवस्थामा भेटिएका एक जना पैदलयात्रीले पनि लापसे गरेको पाइएपछि प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मोरङका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक मकेन्द्रकुमार मिश्रले जानकारी दिए। लागुऔषध सेवन गरी लापरवाही पूर्वक सवारी चलाएको देखिएपछि १३ जना चालकलाई नै म्याद थप गरेर अनुसन्धान सुरु गरेको उनले बताए। पैदलयात्रीविरुद्ध पनि म्याद थप गरिएको उनले बताए।

उनका अनुसार पक्राउ पर्नेहरूमा विराटनगर महानगरपालिका–१३ का विवेक महतो, वडा नम्बर ६ का राहुल सहनी, वडा नम्बर ११ बस्ने सुनिलप्रसाद नेपाली, वडा नम्बर १७ बस्ने प्रदीप खड्का, वडा नम्बर– ६ बस्ने सुमनसा सुनार, वडा नम्बर– १६ बस्ने श्रवण सहनी, वडा नम्बर– ६ बस्ने अनिराज बासफोर, वडा नम्बर–१४ बस्ने वीरु खत्वे, वडा नम्बर–४ बस्ने बासुदेव उराव, वडा नम्बर– ५ बस्ने कालुराम पासवान र संजय पासवान छन्। त्यस्तै बुढीगंगा गाउँपालिका– २ का सन्तोष साह, बेलबारी– ११ का सुकुम लिम्बु र पैदलयात्री इटहरी – ५ बस्ने इश्वर डाँगी छन्।उनीहरूविरुद्ध लागुऔषध सेवनकर्तामा म्याद थप गरी अनुसन्धान सुरु गरेको उनले बताए।

# भर्ती भएको पाँच वर्ष नपुग्दै राजीनामा दिने सैनिकबाट सम्पूर्ण अध्ययन र तालिमको खर्च असुल गरिने

काठमाडौं, २६ जेठ। नेपाली सेनाले 'सैनिक सेवा नियमावली' संशोधन गर्दै सेवा अवधि बाँकी हुँदै राजीनामा दिने र भगौडा सैनिकमाथि थप कडाइ गरेको छ। सैनिक सेवा नियमावली, २०६९ लाई संशोधन गरी राजपत्रमा प्रकाशित गरिएको 'सैनिक सेवा (छैटौँ संशोधन) नियमावली, २०८३' मा सेवा अवधि बाँकी रहँदै सैनिक सेवा छोड्ने सैनिकमाथि कडा कारबाहीको व्यवस्था छ। सैनिक सेवा नियमावलीको नियम ७८ (क) को उनियम १ मा नेपाली सेनाको कुनै पनि पदमा भर्ना भएको सैनिक व्यक्तिले अनिवार्य रूपमा कम्तीमा पाँच वर्ष सेवा गर्नुपर्ने उल्लेख छ।

संशोधन गरिएको सैनिक सेवा नियमावलीको ७८ (क)को उपनियम २ मा भनिएको छ, "उपनियम (१) बमोजिमको सेवा अवधि नपुग्दै कुनै सैनिक व्यक्तिले आफ्नो पदबाट राजीनामा दिएको अवस्थामा सो अवधिमा निज नियुक्त भएको दर्जाको आधारभूत तालिम, स्वदेश वा विदेशमा गरेका अन्य तालिम र शैक्षिक योग्यता प्राप्त हुने किसिमका अध्ययन वा तालिममा भएको खर्च वापतको रकम असुल गरेर मात्र राजीनामा स्वीकृत गर्नु पर्नेछ।"

यसअघिको सैनिक सेवा नियमावलीमा पाँच वर्ष सेवा नगरी छोड्ने सैनिकले दिएको राजीनामा आधारभूम तालिम लिँदा भएको खर्च असुल गरेर स्वीकृत गर्ने व्यवस्था थियो। "उपनियम १ बमोजिमको सेवा अवधि नपुग्दै कुनै सैनिकले आफ्नो पदबाट राजीनामा दिएको अवस्थामा निज नियुक्त भएको दर्ताको आधारभूत तालिममा निजउपर भएको सम्पूर्ण खर्च असुल उपर गरेर मात्र राजीनामा स्वीकृति गर्नुपर्नेछ" सैनिक सेवा नियमावली, २०६९ को नियम ७८क को उपनियम २ मा भनिएको छ।

२०६९ को नियमावलीमा आधारभूत तालिमको खर्च मात्र असुल गरिने भनिएकोका अहिले संशोधन गरिएको नियमावलीमा स्वदेश वा विदेशमा गरेका अन्य तालिम र शैक्षिक योग्यता प्राप्त हुने किसिमका अध्ययन वा तालिममा भएको खर्च समेत असुल गर्ने व्यवस्था थप गरिएको छ। नियमावली संशोधन गर्दा नियम ७८क को उपनियम २ पछाडि उपनियम ३ थपिएको छ। पहिलो उपनियम २ सम्म मात्र थियो। नियम ७८क को उपनियम ३ मा भगौडा सैनिकका विषयमा उल्लेख गरिएको छ।

"उपनियम (१) बमोजिमको सेवा अवधि नपुग्दै सेवाबाट भगौडा पर्ने सैनिक व्यक्तिबाट सेवा अवधिमा आधारभूत तालिम, स्वदेश वा विदेशमा गरेको अन्य तालिम र शैक्षिक योग्यता प्राप्त हुने किसिमका अध्ययन वा तालिममा भएको खर्च वापतको रकम असुल गरिनेछ," सैनिक सेवा (छैटौँ संशोधन) नियमावली, २०८३ को नियम ७८क को उपनियम ३ मा भनिएको छ। सैनिक सेवा नियमावलीमा सैनिकले अवकाश पाउने व्यवस्था दुईथरी रहेको छ। २०६० वैशाख २८ गतेभन्दा अघि सेनामा भर्ना भएका र त्यसपछि भर्ना भएकाहरूलाई छुट्टाछुट्टै अवकाशको व्यवस्था छ।

सैनिक सेवा नियमावलीमा २०६० वैशाख २८ गतेभन्दा अघि नेपाली सेनामा भर्ना हुने सहायक सेनानी र सोभन्दा माथि महारथीसम्मले २० वर्ष, जमदार, सुवेदार र प्रमुख सुवेदारले १७ वर्ष र फलोअर्स र सोभन्दा माथि हुँदासम्मकाले १६ वर्ष अवधि सेनामा सेवा गरेपछि स्वेच्छिक अवकाश लिन पाउने व्यवस्था छ। यस्तै, २०६० वैशाख २८ गतेदेखि यता नेपाली सेनामा भर्ना हुने सहायक सेनानी र सोभन्दा माथि महारथीसम्म २० वर्ष, सुवेदार र प्रमुख सुवेदारले १९ वर्ष, जमदारले १८ वर्ष, प्युठ, अमल्दार र हुद्दाले १७ वर्ष र फलोअर्स र सिपाहीले १६ वर्ष सेनामा सेवा गरेपछि स्वेच्छिक अवकाश लिन पाउने व्यवस्था सैनिक सेवा नियमावलीमा छ।

# कारमार्फत युवती सप्लाइ गरी यौनधन्दा, १२ युवतीसहित १६ जना समातिए

काठमाडौं, २६ जेठ। कारमार्फत युवती सप्लाई गर्दै यौनधन्दा चलाएको आरोपमा प्रहरीले १६ जनालाई पक्राउ गरेको छ। यौनधन्दा चलाएको आरोपमा चार पुरुष र यौन क्रियाकलापमा संलग्न हुने १२ युवती गरी १६ जनालाई पक्राउ गरिएको हो। प्रहरी वृत्त गौशालाको टोलीले गौशाला क्षेत्रमा अवैध रूपमा यौनधन्दा चलाएको आरोपमा अपरेशन गरेर १६ जनालाई पक्राउ गरेको बताएको छ।

पक्राउ पर्ने चार पुरुषहरूमा सर्लाहीको लालबन्दी नगरपालिका–१४ घर भएका ३४ वर्षीय सुनिल तामाङ, मकवानपुरको बकैया गाउँपालिका–८ घ भएका २८ वर्षीय विवेक स्याङ्तान, काठमाडौं–९ शम्भुमार्गका राजकुमार गौतम र मकवानपुरको मनहरी गाउँपालिका–२ का ३३ वर्षीय विकास भुलन छन्। त्यस्तै यौनधन्दामा लागेका १२ युवतीहरू पनि पक्राउ परेका छन्।

उनीहरूबाट युवती सप्लाई गर्न प्रयोग भएको बीएसी ०८९० नम्बरको मारुती सुजुकी कार, बा २ ज २३२७ नम्बरको ट्याक्सी समेत प्रहरीले नियन्त्रणमा लिएको छ। यो समूहले फेसबुक, इन्टाग्राम, ह्वाट्स एप, टिकटक जस्ता सामाजिक सञ्जाल मार्फत ग्राहक खोज्ने र मोलमोलाई गरेर रकमका कुरा मिलेपछि उनीहरूले भनेको ठाउँमा युवती सप्लाई गर्ने गरेको प्रहरीले बताएको छ। सामाजिक सञ्जालमार्फत नै युवतीका तस्वीर, भिडियोहरू ग्राहकलाई देखाउने र रकमको बार्गेनिङ गरेर कुरा मिले अहिले बरामद भएको कार तथा ट्याक्सीमार्फत युवती सप्लाई हुने गरेको प्रहरीले बताएको छ।

उनीहरुले विशेषगरी गौशाला क्षेत्रका होटलमा युवती सल्पाइ गर्ने गरेको प्रहरी बताउँछ। अहिले पक्राउ परेका विकास भुलन व्यक्ति समेत होटल सञ्चालक हुन्। विवेक स्याङ्तान ट्याक्सी ड्राइभर हुन् भने राजकुमार गौतम कार साहु हुन्। अर्का सुनिल तामाङ भन्ने व्यक्ति ग्राहक खोजी गर्ने व्यक्ति हुन्। उनीहरूले प्रतिग्राहक करिब १० हजार रुपैयाँसम्म लिएर युवतीहरु सप्लाई गर्ने गरेको प्रहरीको भनाइ छ। उनीहरूबाट बरामद मोबाइलमा यौनधन्दाका विषयमा गरेका कुराकानीहरू, रकमको बार्गेनिङ गरेका विषयहरू भेटिएका छन्।

पछिल्लो समय काठमाडौं उपत्यका कारमार्फत युवती सप्लाई हुने गरेको देखिएको छ। यसअघि पनि गौशाला क्षेत्रबाटै यस्तै प्रकृतिको घटना भएको थियो। आफ्नै कारमा राखेर युवतीहरू सप्लाई गर्दै उपत्यकाका विभिन्न होटलहरूमा पुर्‍याउने र मोटो रकम असुल्ने गरेको पाइएपछि प्रहरीले दोलखाको मेलुङ गाउँपालिका–१ पवटी घर भई बूढानलीकण्ठ नगरपालिका–६ कपन बस्दै आएका ३९ वर्षीय आकाश भनिने कुलबहादुर कार्कीलाई पक्राउ गरेको थियो।

गत २० मंसिरमा पक्राउ परेका उनले अहिले जस्तै गरी आफ्नै कारमार्फत युवती सप्लाइको धन्दा चलाएका थिए। कार्कीले ठमेल, गौशाला, गोंगबु तथा एअरपोर्ट अगाडिका होटलहरूमा युवती सप्लाई गर्ने गरेको अनुसन्धानबाट खुलेको थियो। कार्कीले होटलमा ग्राहक खोज्ने व्यक्तिदेखि होटलकै स्टाफहरूसँग सम्पर्क गर्ने गरेका थिए। उनले होटलसँग सम्बन्धित व्यक्ति र युवतीसँग पनि सम्पर्क गरी बीचमा बसेर काम गर्ने गरेको पाइएको प्रहरीले बताएको थियो। अहिले पनि त्यही शैलीमा काम भएको प्रहरीले बताएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)